प्रभाव दैनिक
National Daily
ई-पेपरका लागि

वर्ष १० | अंक ३८ | काठमाडौं | बुधबार, १७ जेठ २०८० | Prabhab National Daily | Wednesday, May 31, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# कोशी सरकार 'लचक'

## आन्दोलनकारीलाई वार्तामा डाक्यो

■ जेबी योञ्जन

**काठमाडौं-** पहिचानको आधारमा प्रदेशको नामकरण नभएपछि तीन महिनादेखि आन्दोलनरत पहिचान पक्षधरहरूसँग कोशी प्रदेश सरकार केही लचक भएको छ । सरकारले आन्दोलनरत पक्षलाई वार्तामा बोलाएको छ । शान्तिपूर्णरूपमा माग राखेर वार्ता र संवादको माध्यमबाट निकास खोज्नुपर्नेमा सरकारको जोड छ ।

कोशी प्रदेश सरकारका प्रवक्ता एवं उद्योग, कृषि तथा सहकारीमन्त्री भक्तिप्रसाद सिटौलाले सोमबार विज्ञप्ति जारी गर्दै पूर्वघोषित आन्दोलनका कार्यक्रमहरूलाई स्थगित गरेर आन्दोलनरत पहिचान पक्षधरहरूलाई वार्ता र संवादको माध्यमबाट निकास खोज्न आह्वान गरेका हुन् । तर, आन्दोलनरत पक्षले वार्तामा बस्ने कि नबस्ने ? निश्चित नगरेको सिटौला बताउँछन् ।

'नाममा भएको असन्तुष्टिलाई लिएर प्रदेश अशान्त छ । यो राम्रो होइन । त्यही भएर हामीले आन्दोलनकारी साथीहरूलाई वार्तामा बोलाएका हौं,' उनले प्रभावसँग भने, 'तर, अहिलेसम्म वार्तामा बस्नेबारे जानकारी दिएको छैन । फेसबुकमा त केही नेताले खेलेका छन् । त्यसरी हुँदैन ।'

आन्दोलनरत पक्षलाई वार्तामा आउने वातावरण बनाउन शनिबार पक्राउ परेका नेता अशोक चेम्जोङसहित २६ जनालाई प्रहरीले रिहाइ गरेको छ । यसअघि आइतबार उनीहरूविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसूरलगायतमा जाहेरी दर्ता गर्ने प्रहरीको तयारी थियो । यसविरुद्ध आन्दोलनकारी आज प्रदेश राजधानी विराटनगर केन्द्रित भएर सरकारविरुद्ध प्रदर्शन गर्ने तयारीमा जुट्दै गर्दा सरकारले वार्ताको कार्ड फ्याँकेको हो ।

जबकि, पहिचानवादीहरू झन्‌झन् ठूला प्रदर्शन गरिरहेका छन् । स्थानीय तहसम्मै पुगेर पहिचानको पक्षमा राजनीतिक माहोल बनाइरहेका छन् । प्रदेशको नाम संविधानअनुसार टुंग्याइएको नाम संविधानभन्दा पर गएर फेरि छलफल गर्दै अर्को राख्न सकिँदैन ।

● **भक्तिप्रसाद सिटौला**
**प्रवक्ता, कोशी प्रदेश सरकार**

—ooo—

हामी माग सम्बोधन हुने वार्तामामात्रै बस्छौं र संविधान संशोधन गरेर भए पनि राजनीतिक सहमति जुटाएर किरात-लिम्बुवान बनाइनुपर्छ ।

● **प्रेम एक्तेन**
**अध्यक्ष, किरात याक्थुङ चुम्लुङ**

—ooo—

संवैधानिक प्रक्रियाबाट नाम राख्ने हो, राख्यौं । तर, त्यो प्रक्रियाबाट राखिएको नाम हामी संविधान मिचेर परिवर्तन गर्न सक्दैनौं ।

● **उद्धव थापा**
**नेता, कांग्रेस संसदीय दल**

'कोशी' राख्ने मुख्यमन्त्री हिक्मतकुमार कार्की, उक्त नामका प्रस्तावक, समर्थकसँगै मतदान गरेर टुंगोमा पुऱ्याउने सांसदहरूलाई आन्दोलनकारीहरूले लगातार प्रतिरोध गरिरहेका छन् । शनिबार प्रदेश संसद्मा नीति तथा कार्यक्रम प्रस्तुत गर्नै सरकारलाई हम्मेहम्मे पऱ्यो ।

परिस्थिति यसरी जटिल बन्दै गएपछि बोलाइएको वार्ता के आन्दोलनकारीको माग सम्बोधन गर्नेगरी हो ? जवाफमा सरकारका प्रवक्ता सिटौलाले माग सम्बोधन गर्नेगरी भने नबोलाइएको स्पष्ट पारे । '९३ मध्ये ८२ जना सांसदले मतदान गरेर टुंग्याइएको नाम हो । जुन दुई तिहाइभन्दा बढी हो,' सिटौलाले भने, (**बाँकी पृष्ठ ५ मा**)

प्रधानमन्त्री दाहालको भारत भ्रमण

# जम्बो टोलीसहितको 'मिनी क्याबिनेट' चार दिन भारतमा

■ दीपा सुनुवार

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'मिनी क्याबिनेट' लिएर चारदिने भारत भ्रमणमा निस्कँदै छन् । तेस्रोपटक सत्ताको बागडोर सम्हालेका प्रधानमन्त्री दाहाल नेपाल वायुसेवा निगमको जहाजमार्फत भारतका लागि निस्कँदा महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका मन्त्रीहरू पनि उनीसँगै जाँदै छन् । दाहालको टोलीमा अर्थमन्त्री डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउद, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, ऊर्जामन्त्री शक्ति बस्नेत र उद्योगमन्त्री रमेश रिजाल सहभागी हुने छन् । प्रधानमन्त्रीका रूपमा दाहालको यो चौथो भारत भ्रमण हो ।

भ्रमणको सम्पूर्ण तयारी पूरा भएको परराष्ट्रमन्त्री एनपी साउदले मंगलबार पत्रकार सम्मेलन गर्दै जानकारी दिए । तयारीकै क्रममा मंगलबार नै मन्त्रिपरिषद्को बैठकसमेत बसेको थियो । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्रीको भारत भ्रमणबारे छलफल भएको सरकारका प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । 'मन्त्रिपरिषद्को बैठकमा प्रधानमन्त्रीको भोलि (बुधबार)देखि हुने भारत भ्रमणको तयारीलगायतका विषयमा सामान्य छलफल भएको छ,' बैठकलगत्तै मन्त्री शर्माले भनिन् ।

प्रधानमन्त्रीको टोलीमा ९० जना !

मिनी क्याबिनेटसँगै महत्त्वपूर्ण प्रशासनिक निकायका प्रमुखहरू पनि यो टोलीमा सहभागी हुने छन् । यस टोलीमा सरकारी तहबाट मात्र ५० जनाको हाराहारीमा उच्च तहका सरकारी अधिकारीदेखि मन्त्रीका सचिवालय सदस्यहरू सहभागी हुने छन् । भ्रमण दलमा



● तेस्रोपटक सत्ताको बागडोर सम्हालेका प्रधानमन्त्री दाहाल नेपाल वायुसेवा निगमको जहाजमार्फत भारतमा निस्कँदा महत्त्वपूर्ण जिम्मेवारीमा रहेका मन्त्री पनि टोलीमा जाँदै

● टोलीमा सरकारी तहबाट मात्र ५० जनाको हाराहारीमा उच्च तहका सरकारी अधिकारीदेखि मन्त्रीका सचिवालय सदस्यहरु सहभागी हुने, निजी क्षेत्रबाट करिब ४० जना सहभागी हुने

मुख्यसचिव शंकरदास बैरागी, परराष्ट्रसचिव भरतराज पौड्याल, ऊर्जा तथा जलस्रोतसचिव दिनेशकुमार घिमिरे, गृहसचिव दिनेश भट्टराई, कानुनसचिव धनराज ज्ञवाली, उद्योग, वाणिज्य तथा आपूर्तिसचिव मधुकुमार मरासिनी, कृषिसचिव गोविन्दप्रसाद शर्मा, भौतिक पूर्वाधार तथा यातायातसचिव केशवकुमार शर्मा र वन मन्त्रालयका सचिव रेवतीरमण पौडेल छन् ।

त्यसैगरी प्रधानमन्त्रीको सचिवालयबाट प्रमुख सचिवसमेत रहेकी छोरी गंगा दाहाल, प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, प्रेस सल्लाहकार गोविन्द आचार्य, स्वकीय सचिव रमेशकुमार मल्ल हुने छन् । प्रधानमन्त्रीका निजी चिकित्सक युवराज शर्मा र चार सुरक्षा अधिकारी पनि हुने छन् । निजी (**बाँकी पृष्ठ ३ मा**)

## 'हाम्रो भाँती पुग्दैन, भारतसँग विभाजित अवस्थामा प्रस्तुत हुन्छौं'



**दीपकुमार उपाध्याय**
**भारतका लागि पूर्वनेपाली राजदूत**

यस्तो भ्रमणमा दुई तहको छलफल हुन्छ । महत्त्वपूर्ण भनेको प्रशासनिक तहको हो । नेपाल र भारतको कर्मचारी तहबाट बलियो किसिमले यस किसिमले पारस्पारिक हितमा आधारित छलफल सामान्य कुरा भयो । महत्त्वपूर्ण भनेको कूटनीतिमा दुवै तहको भेटघाट अवसर हो । तर, जसले उपयोग गर्न सक्यो त्यसलाई अवसर हो । उपयोग गर्न नसक्नेका लागि चाहिँ थप दुःख ।

जसले प्रशासनिक तहबाट तयारी गरी हुनसक्ने कुरा बुझ्नुपऱ्यो । यो भन्दा पहिले कुन-कुन कुरा भारतले गर्छु भनेर गरेन । 'वान-टु- वान' मिटिङमा कहीँ न कहीँ 'बेस्ट' त गर्न सक्नुपऱ्यो । भारतले त्यो गर्छ नै । नेपालले भने भाँती पुऱ्याउँदैन । यो भन्दा पहिलेको प्रधानमन्त्रीले के गऱ्यो ? चतुर्याता, गम्भीर्यता, परिपक्वता नेतृत्वले देखाउनुपर्छ । तर, हाम्रो नेपालको दूर्भाग्य हामी संस्थागत मेमोरी (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

### बजेटमा वैदेशिक रोजगार

# अधिकांश व्यवसायी आशावादी, केही असन्तुष्ट

■ मोहनप्रसाद पन्त

**काठमाडौं-** सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटमा वैदेशिक रोजगार व्यवसायीहरूले मिश्रित प्रतिक्रिया दिएका छन् । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संसद्मा प्रस्तुत गरेको बजेटले वैदेशिक रोजगार क्षेत्रलाई स्पष्टरूपमा समेट्न नसके पनि आशा गर्नसक्ने ठाउँ प्रशस्तै भएको उनीहरूको भनाइ छ ।

बजेटले वैदेशिक रोजगारलाई भरपर्दो, मर्यादित र व्यवस्थित बनाउन नयाँ गन्तव्यको खोजी गर्ने र सेवा शुल्कमा एक प्रतिशत राजस्व लाग्ने व्यवस्था गर्नाले केही अपेक्षा गर्न सकिने व्यवसायीहरूले बताउँछन् । यसबाहेक स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै श्रम स्वीकृति र नवीकरण सेवा लिनसक्ने व्यवस्था गर्ने बताउनुलाई पनि सकारात्मक नै मान्नुपर्ने उनीहरूले बताएका छन् ।

वैदेशिक रोजगार व्यवसायको क्षेत्रलाई बजेटले केही हदसम्म सम्बोधन गरेको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी बताउँछन् । 'सरकारले व्यावसायिक हितका लागि बजेटमार्फत नयाँ श्रम गन्तव्यको खोजी, कामदारहरू नेपाल फर्किएपछि पाउने सुविधा र करको विषय समेटिनुले व्यवसायीको अपेक्षालाई सम्बोधन गर्छ भन्ने देखिन्छ,' उनले प्रभावसँगको कुराकानीमा भने । बजेटमा व्यवसायीले भनेजस्तै सबै विषय समेट्न कठिन रहे पनि समग्रमा आश गर्ने ठाउँ रहेको भण्डारीले बताए ।

संघका महासचिव मेघनाथ भूर्तेलले वैदेशिक रोजगारीको क्षेत्रमा बजेटले पार्ने प्रभावबारे संघ कार्यसमितिले छिट्टै समीक्षा गर्ने बताए । बजार प्रवर्द्धन शुल्क, सेवा शुल्क परिमार्जनका लागि संघको तर्फबाट दिइएको सुझावलाई एक प्रतिशत कर लिने व्यवस्था गर्नुले अप्रत्यक्षरूपमा वैदेशिक रोजगार व्यवसायीको माग सुनुवाइ हुने देखिएको उनले बताए ।

यसैगरी अर्थतन्त्रलाई थेगिरहेको वैदेशिक रोजगारको क्षेत्रलाई बजेटले सम्बोधन गर्न नसकेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमका महासचिव कमल काफ्ले बताउँछन् । 'बजेटमा एक प्रतिशत कर तोक्नुबाहेक व्यावहारि करूपमा अमिल्दो ऐन, सेवा शुल्क, रोजगार गन्तव्यलगायतका विषयमा प्रस्ट छैन,' काफ्लेले प्रभावसँग भने, 'सरकारले ल्याउने बजेटले कहिल्यै व्यावसायिकरूपमा सम्बोधन गरेको छैन, यसपटक पनि त्यस्तै छ ।' वैदेशिक रोजगारलाई हेर्ने दृष्टिकोण र सहयोग गर्नुपर्छ भन्ने भावना नै फरक भएकाले बजेटले त्यस्तो चमत्कार नगर्ने उनको भनाइ छ ।

त्यस्तै वैदेशिक रोजगार क्षेत्रलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन नआएसम्म कुनै पनि सरकारले ल्याउने बजेटले व्यवसायीको समस्या सम्बोधनमा खासै अन्तर नराख्ने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष जनक रावल बताउँछन् । तर, बजेटमा जेजति विषयवस्तु समेटिएका छन् त्यसले व्यवसायीमाझ केही उत्साह ल्याएको उनको भनाइ छ । 'व्यवसायीको समस्या सरकारले पनि बुझेको छ र हामी पनि सरकारसँग सधैं हातेमालो गरेर अगाडि बढ्ने हुँदा सफल बजेट कार्यान्वयन हुन्छ भन्ने अपेक्षा छ,' रावलले भने ।

यसैगरी वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले भने सरकारले ल्याएको बजेटले वैदेशिक रोजगारको क्षेत्रलाई व्यावसायिकरूपमा सम्बोधन गरेको बताउँछन् । 'व्यवसायीले लिने सेवा शुल्कमा एक प्रतिशत राजस्व लिने भन्नुले पनि हाम्रो माग सम्बोधन गर्ने देखिन्छ,' उनी भन्छन्, 'सबै समस्या हल हुने अवस्था नदेखिए पनि बजेटले व्यवसायीलाई आम्दानी र खर्च देखाउनसक्ने बनाउन खोज्नु राम्रै पक्ष हो, तसर्थ बजेटले वैदेशिक रोजगारलाई सम्बोधन गरेन भन्न मिल्दैन ।'

त्यसैगरी वैदेशिक रोजगार व्यवसायी तमू धिः का अध्यक्ष तीर्थबहादुर गुरुङ वैदेशिक रोजगारको क्षेत्रमा बजेट स्पष्ट नभएको बताउँछन् । व्यवसायीले लिने सेवा शुल्कमा एक प्रतिशत कर लगाउने आधार प्रस्ट नपार्दा अन्योल देखिएको उनको भनाइ छ । 'सामाजिक सुरक्षा योजनामा सहभागी हुने र रेमिटचान्सका सम्बन्धमा पनि बजेटले प्रस्ट पारेको छैन,' गुरुङ भन्छन्, 'वैदेशिक रोजगारबाट देशको लागि ठूलो आर्थिक योगदान भएका कारण जति विषयवस्तु आएका छन् त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रस्ट हुनुपऱ्यो ।'

बजेटले व्यावसायिकरूपमा भइरहेको सिण्डिकेटका बारेमा केही नबोलेको भन्दै खुला प्रतिस्पर्धा गर्नसक्ने वातावरण बनाउनुपर्ने उनको धारणा छ । तीन वर्ष अगाडि नै आफूले विभिन्न सञ्चारमाध्यममा डेढ दशक वैदेशिक रोजगारको आवश्यकता रहेको धारणा राख्दै आएकोमा अझै यसको सान्दर्भिकता रहेकोले सरकारले सहजीकरण गर्नुपर्ने गुरुङले बताए ।



सरकारले व्यावसायिक हितका लागि बजेटमार्फत नयाँ श्रम गन्तव्यको खोजी, कामदारहरु नेपाल फर्किएपछि पाउने सुविधा र करको विषय समेटिनुले व्यवसायीको अपेक्षालाई सम्बोधन गर्छ भन्ने देखिन्छ ।

■ **राजेन्द्र भण्डारी**
अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ



एक प्रतिशत कर तोक्नुबाहेक व्यावहारि करुपमा अमिल्दो ऐन, सेवा शुल्क, रोजगार गन्तव्यलगायतका विषयमा प्रस्ट छैन । बजेटले कहिल्यै व्यावसायिकरुपमा सम्बोधन गरेको छैन, यसपटक पनि त्यस्तै छ ।

■ **कमल काफ्ले**
महासचिव, लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम



# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल

# इन्द्रावती नदी, चाखोला आशीखोला र ढाडखोला थारखोलाको रोडा, ढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्री शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०२/१७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) ६ बमोजिम यस मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८०/८१ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

**ठेक्का सम्बन्धी विवरण:**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व.२०८०/०८१ का लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | बोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | 1/IR/2080/081 | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी क्षेत्रबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित १३ वटा क्षेत्रबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिका अन्तरगत इन्द्रावती नदी क्षेत्र भित्र उत्पादन बिक्री शुल्क (बोलपत्र फारम साथ उपलब्ध सूची अनुसार) | ९,७७,११,३१४.८२ (नौ करोड सतहत्तर लाख एघार हजार तिन सय चौध रुपैयाँ बयासी पैसा मात्र) | ९६०७७९८.९ क्यू फिट | ५०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.९ |
| २. | 2/IR/2080/081 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोलाबाट रोडा, ढुङ्गा, बालुवा, ग्राभेल IEE मा उल्लेखित १० वटा क्षेत्रहरुबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोला क्षेत्र भित्र उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमसाथ उपलब्ध सूची अनुसार) | ३१,३२,१७८.१२ (एकतिस लाख बत्तिस हजार एक सय अठहत्तर रुपैयाँ बाह्र पैसा मात्र) | ३०७९८२.११५ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.९ |
| ३. | 3/IR/2080/081 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित ७ क्षेत्रहरु बाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट क्षेत्रबाट उत्पादन भइ बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमका साथ उपलब्ध सूची अनुसार) | २८,१०,०१७.३८ (अट्ठाइस लाख दश हजार सत्र रुपैयाँ अठतिस पैसा) | २७६३०४.५६ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.९ |

**ठेक्का सम्बन्धी शर्तहरू:**

१. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८०/०३/१४ गतेको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. E- Bidding को लागि बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८०/०३/१४ गतेको कार्यालय समय भित्र E-bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ।

**ग्लोबल आइएमइ बैंक** कुन्तावेशी शाखामा रहेको खाता ग.१.१ आन्तरिक राजश्व खाता मण्डनदेउपुर खाता नं 22004010000010 मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बोलपत्र फारम रितपूर्वक भरि मिति २०८०/०३/१५ गतेको दिनको १२ बजे भित्र पेश गर्नुपर्नेछ।पेश भएका बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. E-bidding मार्फत प्राप्त बोलपत्र फाराम रितपूर्वक भरी मिति २०८०/०३/१५ गतेको दिनको १२ बजे भित्र e-submission गर्न सकिनेछ। बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। Bid Response गर्दा बुँदा नं. २ मा उल्लेख भएका कागजात, बैंक जमानत, बोलपत्र दस्तुर, Bid Response document PDF Format मा पेश गर्नुपर्नेछ।

५. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ।

६. धरौटी रकम: www.bolpatra.gov.np मा आ.व. २०८०/०८१ का लागि कायम न्यूनतम अंकको ५% रकम तोकिएको भए तापनि बोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोबल आइएमइ बैंक**, कुन्तावेशी शाखामा रहेको खाता ग.३ मण्डनदेउपुर धरौटी खाता नं. 22004010000008 खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रुपले बोलपत्र साथ पेश गर्नु पर्नेछ।

७. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

८. बोलपत्र स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अकंको ३० (तिस) प्रतिशत रकम (मु.अ.कर समेत) नगदैं तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै मु.अ.कर बापतको रकम समेतको कार्यसम्पादन जमानी पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ।

९. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ। संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ।

१०. बागमती प्रदेश सरकारले जुनसुकै बखत दररेट परिवर्तन गरेमा सोही बमोजिम कार्यान्वयन हुनेछ। साथै सो सम्बन्धी जानकारी यस कार्यालयबाट तुरुन्तै हुनेछ।

११. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मूल्य असुल गर्नेछ।

१२. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ।

१३. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वंयमले बुझाउनु पर्नेछ।

१४. रोडा, ढुङ्गा, बालुवा, ग्राभेल बिक्री ठेक्कामा रोडा, ढुङ्गा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकिएको स्थानहरुबाट मात्र रोडा, ढुङ्गा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ।

१५. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन। IEE प्रतिवेदनमा उल्लेख भएको अवधि बाहेकमा नदी/खोलाबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री बिक्री गर्न बाधा पर्ने छैन।

१६. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१७. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुङ्गा, गिट्टि, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ।

१८. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन गर्न पाइने छैन।

१९. प्रतिवेदमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन् गर्नुपर्नेछ साथै प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन् गर्न बाधा पर्ने छैन।

२०. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाइने छैन। साथै ढुंङ्गा, गिट्टि, बालुवा, ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ। साथै बालुवा धुँदा निस्किएको धमिलो पानी सिधै नदीमा मिसाउने पाईने छैन।

२१. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन। तर बोल कबोल गरेको वार्षिक ठेक्का रकम सम्झौता गर्दाकै बखत एकमुष्ट रुपमा पुरै जम्मा गरेमा प्रचलित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णय बमोजिम छुट दिइनेछ।

२२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

२३. यसमा उल्लेख नभएका अन्य कुराहरु बागमती प्रदेश सरकारबाट जारि गरिएको नदीजन्य पदार्थ (उत्खनन् र उपयोग) कार्यविधि, २०७५ र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, मण्डनदेउपुर नगरपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७५ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**मण्डनदेउपुर नगरपालिका**

## जम्बो टोलीसहितको...

पृष्ठ १ बाट जारी

क्षेत्रबाट उद्योगीदेखि सञ्चारकर्मी भ्रमणमा सहभागी हुँदै छन् ।

भारतले नेपालको जम्बो टोलीलाई दिल्लीको चाणक्यपुरीस्थित आइटिसी मौर्य होटलमा राख्ने तयारी छ । होटलमा प्रधानमन्त्री दाहाललाई आजै भारतका विदेशमन्त्री एस जयशंकर, सुरक्षा सल्लाहकार अजित डोभल र विदेशसचिव विनयमोहन क्वात्राले भेट्ने कार्यक्रम छ ।

### औपचारिक कार्यक्रम भोलिबाट

प्रधानमन्त्री दाहालको औपचारिक कार्यक्रम भोलिबाट सुरु हुनेछ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको औपचारिक वार्ता दिल्लीस्थित हैदराबाद हाउसमा हुनेछ । त्यसपछि दाहालले राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जयदीप धनखडसँग शिष्टाचार भेटवार्ता गर्नेलगायत कार्यक्रम छन् ।

### मुद्दा प्रशस्तै, तर छलफलमात्रै बढी

भ्रमणमा भारतीय पक्षसँग कुनै ठोस विषयमा सम्झौता हुने आशा गरिएको देखिँदैन । परराष्ट्रमन्त्री साउदकै अनुसार दाहाल नेतृत्वले भ्रमणका क्रममा द्विपक्षीय हित र चासोका बारेमा महत्त्वपूर्ण छलफल गर्नेछ । भ्रमणका क्रममा विद्युत् व्यापार, प्रसारण लाइन निर्माणलगायत कार्यसूची तय भए पनि थप केही विषयमा छलफल जारी रहेको बताए ।

परराष्ट्रमन्त्री साउदले नेपालको ऊर्जा तथा जलविद्युत्को क्षेत्रमा भारतीय लगानीको प्रवर्द्धन गर्ने, व्यापार तथा पारवहन एवं हवाईमार्गका बारेमा महत्त्वपूर्ण विचार विमर्श हुने उल्लेख गरे । दीर्घकालीनरूपमा बिजुलीको व्यापार गर्न सकियोस् भन्ने बारेमा प्रधानमन्त्रीको भ्रमणका क्रममा छलफल हुने र एउटा निष्कर्ष निस्कने परराष्ट्रमन्त्रीले विश्वास व्यक्त गरे । त्यसैगरी वैकल्पिक सीमानाकाको सम्भाव्यताबारे पनि छलफल हुने कार्यक्रम रहेको छ । 'सीमानाका व्यस्त भएकाले वैकल्पिक नाकाका लागि सम्भाव्यताको विषयमा छलफल भइरहेको छ,' मन्त्री साउदले भने ।

भारतीय लगानी नेपालको हाइड्रोमा बढाउने, विद्युत् व्यापारको मार्ग सिर्जना गर्ने, बंगलादेशसँग व्यापार गर्न आधार तयार गर्नेलगायतका विषयमा छलफल गर्ने तयारी रहेको मन्त्री साउदले बताए । भ्रमणका क्रममा महाकाली नदीमा नेपाल र भारत जोड्ने मोटरेबल पुल तथा केही झोलुंगे पुल निर्माणका बारेमा पनि छलफल हुने तय भएको छ ।

नेपाल र भारतका बीचमा रहेको व्यापार घाटालाई कम गर्ने तथा कृषि उपजलाई विनाअवरोध भारतीय बजारमा प्रवेश गराउने विषयमा पनि महत्त्वपूर्ण सहमति गर्ने तयारी छ ।

उद्योगी व्यवसायीका बीचमा रहेका समस्या समाधानका लागि प्रधानमन्त्रीको उपस्थितिमा अन्तरक्रिया एवं छलफल गर्ने कार्यक्रम तय भएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले भने भ्रमणका क्रममा राष्ट्रिय हितमा द्विपक्षीय सहमति र सम्झौता हुने दाबी गरेका छन् । रिजालले भ्रमणका क्रममा पारवहन सन्धि नवीकरण हुने, दुई देशबीच थप पेट्रोलियम पाइपलाइन विस्तारका विषयमा सहमति हुने बताए । 'सिलिगुडी चारआली पाइपलाइन र टर्मिनल टचांक बनाउने कार्यक्रम छ । यसैगरी अमलेखगञ्ज लोथरसम्मको पाइपलाइन र स्टोरेज टर्मिनल टचांक पनि बनाउने विषयमा सहमति हुने कार्यक्रम छ । यो आधाआधा प्रतिशतमा काम गर्ने मोडेलमा छ,' मन्त्री रिजालले भने ।

यसैगरी भैरहवामा एकीकृत भन्सार चौकीको शिलान्यास गर्ने र नेपालगञ्जमा एकीकृत भन्सार चौकीको दुवै देशका प्रधनमन्त्रीले संयुक्तरूपमा उद्घाटन गर्ने कार्यक्रम रहेको रिजालले बताए । दोधरा चाँदनी क्षेत्रमा सुक्खा बन्दरगाहलाई अघि बढाउने सन्दर्भमा पनि कुराकानी हुने मन्त्री रिजालको भनाइ थियो ।

### प्राथमिकता पञ्चेश्वर र एयर रुट

भारत भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले नयाँ 'एयर रुट' प्राप्त गर्ने प्रवल सम्भावना रहेको बताएका छन् । प्रतिनिधिसभाको शनिबारको बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री दाहालले भारत भ्रमणमा 'ट्रेड ट्रान्जिट'बारे छलफल हुने बताएका थिए । उक्त अवसरमा भारतसँग सन् १९५० को सन्धि र नेपालमा रासायनिक मल कारखाना खोल्नेबारे छलफल हुने जानकारी दिए । यसैगरी प्रधानमन्त्रीले पञ्चेश्वरको बारेमा पनि समझदारी हुनसक्ने बताएका छन् । दाहालले भने, 'पञ्चेश्वरका बारेमा छलफल चलिरहेको छ । सम्भवतः धेरै वर्षपछि पञ्चेश्वर परियोजना अगाडि बढाउनेबारेमा एउटा नयाँ समझदारी हुन्छ भन्ने मेरो विश्वास छ ।'

### राष्ट्र हितको मुद्दामा छलफल हुनुपर्छ : गुरुङ

नेकपा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणमा राष्ट्र हितका मुद्दामा छलफल हुनुपर्ने बताएका छन् । चितवनस्थित भरतपुरमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा गुरुङले नेपालका मिचिएका भूमि फिर्ता गर्ने र नेपालको हित हुने विषयमा छलफल हुन जरुरी रहेको बताए । 'विद्युत् बिक्रीको विषयमा छलफल भनिएको छ, भ्रमणका क्रममा राष्ट्र हितका विषयमा छलफल हुनुपर्छ,' गुरुङले भने ।

प्रधानमन्त्री दाहालको टोली २० गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

## हाम्रो भाँती...

पृष्ठ १ बाट जारी

राख्दैनौं । पहिलेका कुरा मेमोरीमा हुन्न । नेपाल-भारतको सीमादेखि लिएर दुवै देशका प्रबुद्ध व्यक्तिहरू सम्मिलित एमिनन्ट पर्सन्स ग्रुप (इपिजी) अर्थात् प्रबुद्ध समूहका विषयमा यो भारतको हितमा छ, यो हाम्रो हितमा छ भन्ने कुरा एजेन्डामा आउँदैन । वान टु वान मिटिङमा यस्ता कुरा उठाउन सक्नुपर्‍यो । सम्बोधनमा ल्याउन सक्नुपर्‍यो । एकले अर्कोलाई दोषारोपन गर्ने राजनीतिबाट मुक्त हुने प्रयास गर्नुपर्छ भन्ने आशय हो ।

भारतले आफ्नो हितको कुरालाई जसरी पनि लाद्छ । पानीको बहुउपयोगलाई जसरी पनि प्रयोग गर्छ । २१औं शताब्दी पानीको शताब्दी हो । आफ्नो अधीनमा राख्न उसले अनेक प्रयास गर्छ । नेपालको स्वतन्त्रतालाई उसले कहाँ मान गर्छ र ? अन्तर्राष्ट्रिय कानुनलाई मान्दैन । आजको पनि भोलिको पनि यही नीति हो भारतको । हामीचाहिँ जानेर/नजानेर त्यहाँ पुगिजान्छौं । उसले सीमाको विषयमा चर्चै गर्न चाहँदैन । इपिजीको विषयमा चर्चै गर्न चाहँदैन । नेपालको सस्तो ऊर्जालाई बंगलादेश लैजान बाटो दिन्छु दिन्छु भन्छ तर दिँदैन । के हाइवे उसको अधीनमा हो र ? यो त भारतीय जनतामाथि पनि अपराध हो । नेपालको सस्तो बिजुली नकिनेर तीन गुणा महँगो बिजुली बाल्न बाध्य छन् भारतीय । यस्तै कुरालाई कुटनीतिक चातुर्यतामा राखेर बढ्नुपर्छ । हवाईमार्गमा हाम्रोभन्दा नरेन्द्र मोदीको इन्ट्रेस्ट हो । बुद्धिस्ट र रामायण सर्किटलाई विस्तार गरौं । अन्तर्राष्ट्रियस्तरका रेलवे कनेक्टिभिटी र सडकको सञ्जाल त मोदीजीको कन्सेप्ट हो नि । तर, आनाकानी गरेर परराष्ट्र मन्त्रालयले फायल अड्काइदिन्छ । हामीकहाँ प्राथमिकता निरन्तरता छैन । हाम्रो देश यसमा सक्षम छौं भन्ने सन्देश हामी दिन सक्दैनौं । हामी विभाजित अवस्थामा प्रस्तुत हुन्छौं । यसले सकेन म सक्छु भनेर जान्छन् । के सक्नु ? बरु झन् संकटमा पर्छौं ?


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUPON GENERAL TRADING

पूर्व स्वीकृति मिति २०८०/०२/१५ | LT. No. 286780 | चलानी नं. ६०२०२१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | sales lady | 0 | 8 | 120 | ५१५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : T-WOODEN HEALTH SALON AND INSTITUTE FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति २०८०/०२/१६ | LT. No. 286826 | चलानी नं. ६०२०२२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 5 | 0 | 140 | ६०,१४७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURE/PEDICURE | 5 | 0 | 140 | ६०,१४७ | | | | | | | |

कम्पनी : AVOCADO LOFT RESTAURANT & CAFEE CO.

पूर्व स्वीकृति मिति २०८०/०२/१६ | LT. No. 286809 | चलानी नं. ६०२०२१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | chef assistant | 6 | 0 | 140 | ६०,१४७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | COFFEE MAKER / PREPARER | 5 | 0 | 140 | ६०,१४७ | | | | | | | |
| 3 | Waiter/Waitress | 5 | 5 | 130 | ५५८५० | | | | | | | |

कम्पनी : PURE SOUL LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति २०८०/०२/१६ | LT. No. 286827 | चलानी नं. ६०२०२१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 3 | 0 | 140 | ६०,१४७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURE / PEDICURE / BEAUTICIAN | 0 | 2 | 150 | ६४४४३ | | | | | | | |
| 3 | NAIL TECHNICIAN / HAIRDRESSER / SALON WORKER | 0 | 2 | 150 | ६४४४३ | | | | | | | |

कम्पनी : TROPICAL SPA SALON

पूर्व स्वीकृति मिति २०७९/०२/२७ | पून स्वीकृति मिति २०८०/०२/१६ | LT. No. 264638 | चलानी नं. ६०१८४०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 10 | 170 | ७३०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २४ गते (7th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OX FOR HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०२/१४ | LT. No. 286649 | चलानी नं. ६०२०२२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER | 0 | 5 | 1400 | ५०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROXY CONTRACTING CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८०/०२/१६ | LT. No. 286648 | चलानी नं. ६०२०२२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 25 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २४ गते (7th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com


## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रे

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०२।१७)

यस नगरपालिकाको मिति २०८०।०१।११ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिकाको तपसिल बमोजिमको कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्रस्ताव मिति २०८०।०२।११ गते खोलिएकोमा उक्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि मुल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभूतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिम बोलपत्रदाता छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलदाताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| (13/WORKS/NCB/ MDM/079/80) | (Sinchae purwadhar nirman ward -12 (Drilling And Installing Deep Tube well)) | Pathibhara drilling and construction company pvt.ltd Kathmandu-4,Sukedhara | ३४,९८,२६४।०० (चौतिस लाख अन्ठानब्बे हजार दुई सय चौसठी रुपैयाँ मात्र) |

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय टांडी, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/१७ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय टांडी, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ ३२ गते बिहीबार**का दिन शाखा कार्यालय टांडी, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**१. ऋणीको विवरणः**

रामजीत महतोको नाति, भुखल महतो/मगनी थरुनीको छोरा, सुनिता चौधरीको पति चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ०८ बस्ने **हिरामणी चौधरी** (ना.प्र.नं. १९२९/०४४ जारी मिति २०५८/०८/१९ जिल्ला प्रशासन कार्यालय चितवन) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१. जनु महतोको नातिनी, भुखल महतोको छोरी, भुखल महतो/मगनी थरुनीको बुहारी, हिरामणी चौधरीको पत्नी चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ०८ (साबिक चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं.०५) बस्ने **सुनिता चौधरी** (ना.प्र.नं. ३५१०२०/१०८५ जारी मिति २०६७/१०/०९ जिल्ला प्रशासन कार्यालय चितवन ) ।
२. डिमर महतोको नातिनी, ठगाई महतोको छोरी, रामजीत महतो बुहारी, भुखल महतोको पत्नी चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ०८ (साबिक चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं.०५) बस्ने **मगनी थरुनी** (ना.प्र.नं. १२८५ जारी मिति २०४४/१२/०८ जिल्ला प्रशासन कार्यालय चितवन ) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. **मगनी थरुनी**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, देबौलि गा.वि.स/न.पा. वडा नं. ०३/ख स्थित कि.नं. २७९१ को क्षेत्रफल १२३५.८९ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरणः**

हिरालाल रुवालकि नाति, केदारनाथ रुवालीको छोरा, चण्डिका रुवालीको पति चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ति नगरपालिका वडा नं.०५ बस्ने **लक्ष्मण रुवाली** (ना.प्र.प.न ९६/०४५ जारी मिति २०४९/०३/३१ जिल्ला प्रशासन कार्यालय चितवन ) ।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**

१. केदारनाथ रुवालीको बुहारी, वालकृष्ण मैनालीको छोरी, लक्ष्मण रुवालीको पत्नी चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ति नगरपालिका वडा नं.०५ बस्ने **चण्डिका रुवाली** (ना.प्र.प.न ६००६/०५७ जारी मिति २०५७/०२/२२ जिल्ला प्रशासन कार्यालय चितवन ) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. **लक्ष्मण रुवाली**को नाममा जिल्ला मालपोत कार्यलय चितवनमा दर्ता कायम रहेको साबिक भण्डारा गा.वि.स. वडा न. १/क स्थित कि.नं. १७२ को क्षेत्रफल ०-१-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० जेठ ३१ गते** भित्र बैंकको शाखा कार्यालय टांडी, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय टांडी, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात २०८० जेठ ३२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय टांडी, चितवनमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय टांडी, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० जेठ ३२ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय टांडी, चितवन फोन नं. ०५६-५६३०६६ ५६३०६७**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भारत भ्रमणको अपेक्षा

प्रधानमन्त्री पुष्पकमल दाहाल बुधबार छिमेकी मुलुक भारतको औपचारिक भ्रमणमा जाँदै छन् । प्रधानमन्त्री भएको पाँच महिनापछि प्रम दाहाल पहिलो विदेश भ्रमणमा निस्किन लागेका हुन् । हरेक नयाँ प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारत हुने गरेको भए पनि यसअघि प्रधानमन्त्री हुँदा दाहालले चीनको भ्रमण गरेका थिए । यो पटक भारत नै उनको रोजाइमा परेको छ ।

प्रधानमन्त्रीको औपचारिक भ्रमणले नेपाल र भारतबीचको कूटनीतिक सम्बन्धलाई अझ प्रगाढ बनाओस् भन्ने सबैको चाहना छ । सायद प्रम दाहालले यस विषयलाई संवेदनशील रूपमा लिएका होलान् । प्रधानमन्त्रीको भारत भ्रमण र सम्भावित एजेन्डाहरू के–के हुने भन्ने विषय सार्वजनिक गरिएको छैन ।

बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार गर्ने परियोजना शिलान्यास हुने बताइएको छ । त्यस्तै झापाको सीमामा एकीकृत जाँच चौकीको दुवै देशका प्रधानमन्त्रीले संयुक्त शिलान्यास गर्ने तयारी पनि भइरहेको छ ।

प्रधानमन्त्रीको भ्रमणमा शिलान्यास गर्ने तर कार्यान्वयन कुनै पनि नहुने विगतले पनि देखाएको छ । अहिले पनि करिब उस्तै अवस्था देखिन्छ । अहिले प्रधानमन्त्री दाहालको भ्रमणबाट नेपालको सीमामा भएका समस्या, नक्सांकन जनअपेक्षामा परेको छ । यो मुलुकको आवश्यकता पनि हो । तर, जनअपेक्षा अनुसारको सम्झौता हुने सम्भावना भने न्यून नै रहेको छ । जलविद्युत्मा केही नयाँ कार्य गर्ने हल्ला गरिए पनि के नयाँ सहमति हुन्छ भन्ने कुरा पनि गर्भमै लुकेको छ ।

यो भ्रमणले राष्ट्रहितविपरीत कुनै पनि सम्झौता नहोस् भन्ने आमनागरिकको चाहना हो । तथापि, राजनीतिकरूपमा सत्ता जोगाउने खेलभित्र पर्ने केही न केही नयाँ सहमति भने हुने सम्भावना बढ्दै गइरहेको छ ।

भारतले नेपाललाई सधैं आफ्नो स्वार्थका लागि प्रयोग गरिरहेको छ । पहिलो भ्रमणमा गएका प्रधानमन्त्रीलाई कुनै नै कुनै प्रलोभन पारेर भारतले आफ्नो चंगुलमा पार्ने गरेको विगतले पनि देखाएको छ । सायद यसपटकको भ्रमणमा प्रम दाहाल त्यसप्रति सचेत हुने छन् ।

भुटानी शरणार्थी प्रकरणपछि वर्तमान सरकारले केही भए पनि जनविश्वास जितेको छ । तर, भारत भ्रमणपछि यो विश्वास कायम राख्न सक्छ या सक्दैन ? त्यो हेर्न बाँकी नै छ । भारतले जे गरे पनि सहेर बस्ने अवस्थाको अन्त्य गर्नका लागि प्रम दाहालको भ्रमणले केही सन्देश दिन सकोस् ।

## मननयोग्य

### चाणक्य नीति

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ । पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए ।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो । ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ । पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो । सेनाहरू धेरै मरे । बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गर्‍यो । घोडाहरू काठ र डोरीद्वारा पार गरायो । अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरुः केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे । पुरुका दुवै छोरा युद्धमा मरे ।

बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे । अन्तमा पुरुले लडाई हार्नुपर्‍यो । सिकन्दरले उनलाई बन्दी बनायो ।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गर्‍यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।' यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो । त्यहाँका मानिसले आत्मसमर्पण गरे । त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो । चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपर्‍यो । त्यसपछि उसले रावी नदी पनि पार गयो । क्रमशः

# पशुपतिको मुहाली, महाभोगको महापूजा र कपाली समुदायमाथि हस्तक्षेप



पदम श्रेष्ठ

> पहिले-पहिले भए राज्यले नै कापलिक साधनाका लागि आवश्यक व्यवस्था गरिदिएका हुन्थे । राणा र सहकालमासमेत हामीलाई कुश्ले परम्परालाई निरन्तरता दिन लालमोहर गरेर दिएको छ । राजा त्रिभुवनको राज्यकाल ९० सालको भूकम्पअघि राणा सरकारबाट कुश्ले परम्परालाई निरन्तरता दिन लालमोहर गरिदिएको प्रमाण रहेको बताएका छन् तर जब जब पाशुपत क्षेत्रमा राजनीतिक हस्तक्षेप हुन थाल्यो तबदेखि देव कार्यमा कमिसनखोरको विगविगी बढेको छ । धार्मिक कार्यको संरक्षण होइन निस्तेजको कार्यमात्र हुने गरेको छ यस्तो कूकर्म हुनुहुँदैन ।

राष्ट्रदेव पशुपतिनाथमा एकाबिहानै कपाली समुदायले बजाउने मुहाली बाजाको धुन सुन्न पाइन्छ । यो बाजा काठमाडौं उपत्यकाभित्रका शिव वा शाक्तस्थलमा देवतालाई उठाउन बिहानको पहिलो प्रहर ४ बजे विहाचुली धुन, मध्याह्न् १२ बजेदेखि १ बजेसम्म विमास र साँझ पनि देवताको आरती गर्ने बेलामा आरती धुन अनिवार्य बजाइन्छ । तर, वर्तमानमा राष्ट्रदेव पशुपतिनाथ, बलम्बु महालक्ष्मीस्थान, भक्तपुरको दत्तात्रय भिमसेनस्थान, मध्यपुर थिमीको बालकुमारी कीर्तिपुरको बाघभैरव, काठमाडौंको शोभा भगवतीस्थान र उपत्यकाबाहिर चित्लाङ, टिस्टुङ, बज्रबाराही क्षेत्रमा बजाइँदै आइरहेको पाइन्छ । उपत्यकाका अधिकांश ठाउँमा मुहालीबाजा र कापलिक पूजा परम्परा सरकारी बेवास्ता र हस्तक्षेपको कारण हराउँदै गइरहेको अवस्था छ ।

**कपाली, कुश्ले, दर्शनधारी र पशुपतिमा महाभोग**

मुहाली, नेवार समुदायभित्रका कुश्ले कपाली समुदायको पहिचानमुखी बाजा हो । नेवार सानै भौगोलिक क्षेत्र काठमाडौं उपत्यकामा बस्ने र जनसंख्याका हिसाबले थोरै भए पनि बहुजाति बहुधर्मी, संस्कृतिको पहिचानमुखी समुदाय हो । त्यसमा पनि नेपालको इतिहासमा सर्वाधिक (नेपाली लोक बाजा संग्रहालयका अनुसार १३० प्रकारका) बाध्यवादनले सम्पन्न नेवार समुदायभित्रका एक छुट्टै कापलिक पहिचानको बाजा हो, मुहाली र पशुपतिनाथको सेवामा लिच्छविकालदेखि चलाउँदै आइरहेको महाभोग परम्परा ।

